रोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ६ भाग: २ मिति: २०७९/०४/२४

## रोशी गाउँपालिका

रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५ लाई संशोधन गर्न बान्छनीय भएकोले रोशी गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ।

सम्वत् २०७५ सालको कार्यविधि नं २

१. संक्षिप्त नाम र प्रारम्भ:क) यस कार्यविधिको नाम " रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धीकार्यविधि (पहिलो संशोधन) २०७९" रहेको छ।

ख) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मिति देखि लागू हुनेछ।

२. रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५को दफा(४) उपदफा (३) मा संशोधन : रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५को दफा(४) उपदफा (३) को खण्ड (क) मा संशोधन गरि देहायको व्यवस्था गरिएको छ :खण्ड (क) मा शैक्षिक योग्यता बापत-१०(दश) अंक, विशिष्ट श्रेणी बापत १०(दश)

अंक, प्रथम श्रेणी बापत ८ (आठ) अंक, द्वितीय श्रेणी बापत ६(छ) अंक, तृतीय श्रेणी बापत ४ अंक श्रेणी नखुलेकोलाई तृतीय श्रेणी सो सरह अंक दिने ,(त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा ) भन्ने व्यवस्था राखिएको छ । साथै दफा(४) को उपदफा (३) को खण्ड (क) पछि देहायको बुँदा थप गरिएको छ :

खण्ड क१. लिखित परीक्षा बापत ५०(पचास) अंक : लिखित परीक्षा सम्बन्धी व्यवस्था संघीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगले सम्बन्धित सेवा र पदका लागि तोकिएको पाठ्यक्रम बमोजिम हुनेछ।

३.रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५को दफा(५) मा संशोधन: रोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५को दफा(५) मा अन्तरवार्ता र सूचीकरण समिति शब्दको अगाडी लिखित परीक्षा, भन्ने शब्द थप गरिएको छ।

आज्ञाले

राम बहादुर तामाङ

प्रमुख प्रशासकीय अधिकृत



CamScanner